मिति २०७५।४।१६ गते साँझ ५ बजे

**निर्णय न. १**

यस धनगढी उपमहानगरपालिकाले प्रचलित कानुन बमोजिम निषेधित जिवजन्तुको हाड,सिग,प्वाख,छाला वा यस्तै प्रकृतिको बस्तुको व्यवसायिक उपयोग गरे वापतको जिवजन्तुका कर लगाउन सक्ने ब्यवस्था बमोजिम दुई पटक सूचना प्रकाशित गर्दा समेत कसैले पनि सिलबन्दि दरभाउपत्र पेश नगरेको हुदा साबिक ठेक्का अंकमा रू ५०००० कम गरी हाड,सिग,प्वाख,छालाका लागि एकमुष्ट रू ६००००। न्युनतम ठेक्का अंक कायम गरी ७ दिने सूचना प्रकासित गर्ने निर्णय गरियो ।

**निर्णय न. २**

यस कार्यालयको पश्चिम पट्टी रहेको सोपिङ कम्पलेक्स भित्रको कोठा न.८ कैलाली जिल्ला गोदावरी न.पा.वा.न ६ स्थित खप्तड डेरी ई.प्रा.लिको नाममा रहेको र हाल उक्त कोठा खप्तड डेरीले मिति २०७५।३।१५ को पत्र बाट छोडेको जानकारी गराएको हुदा सो कोठामा साबिक देखि बसी आएका होटल ब्यवसायी संघ कैलाली र चिरन्जिबी पाठक धनगढी १ का नाममा कोठा भाडा उपलब्ध गराउन सम्झौता प्रकिया अघाडि बाढाउने निर्णय गरियो ।

**निर्णय न. ३**

यस धनगढी उप महानगरपालिका वा.न.१४, फुलवारी मोहना नदीको ढकिया नाउ घाटमा डुंगा संचालन गर्नको लागि आगामी आ.व.०७५।०७६ को लागि न्युनतम रू १२०००। अंक कायम गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय न. ४**

यस नगरपालिकाको स्वामित्वमा रहेको बसपार्कमा अवस्थित पुराना सटरहरूमा व्यवसाय गरी बसेका सम्बन्धित ब्यवसायीहरूको कोठमा बस्ने म्याद मिति २०७६ असाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय न. ५**

यस धनगढी उप-महानगरपालिका कार्यालयको आन्तरीक श्रोतमा महत्वपुर्ण योगदान अभिबृद्धि गरिरहेका सवारी साधन पार्किङ शुल्क साथै बसपार्क टर्मिनल भवनको भुई तला समेत आ.ब. ०७५।०७६ का लागि बार्षिक रू ७८,७५,०००। मा दुई पटक सूचना प्रकासित गर्दा समेत कसैले पनि ठेक्कमा भाग नलिएको हुदा ठेक्काको न्युनतम अंक रू ७५,००,०००। कायम गरी सूचना प्रकासित गर्ने निर्णय गरियो

Scanned by CamScanner

**निर्णय न. ६**

यस धनगढी उप-महानगरपालिकाको वडा न. १९ मा रहेको पुरैनाताललाई ठेक्कामा लगाउदा गरेका सबै प्रकियाको फायल यस कार्यालयमा झिकाउने र आन्तरिक आय सम्बन्धि ठेक्कामा लगाउने सम्पुर्ण अधिकार धनगढी उप-महानगरपालिका कार्यालयमा निहित रहेको हुदा ठेक्कामा लगाउने सम्बन्धि कार्य नगर्न सबै वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो

**निर्णय न. ७**

यस धनगढी उप-महानगरपालिका बाट भित्रिने र बाहिरिने कृषिजन्य बस्तुहरूमा तपसिलका दरहरू कायम गरी न्युतम (खाद्यान्न, दलहन,तेलहन) रू.१,५०,०००००/- (अक्षरेपी एक करोड पचास लाख मात्र) ठेक्का अंक कायम गरी सूचना प्रकासित गर्न नगरकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

करका दरहरू

| क्र.सं | मालबस्तुको नाम | इकाई | दर रू. | कैफियत |
|---|---|---|---|---|
| १ | धान | प्रति क्विन्टल | ६।०० | |
| २ | गहु | " " | ६।०० | |
| ३ | चावल मोटो | " " | ७।०० | |
| ४ | चावल मसिनो | " " | ८।०० | |
| ५ | दलहन | " " | ९।०० | |
| ६ | तेलहन | " " | ९।०० | |
| ७ | पिठो | " " | ७।०० | |
| ८ | मैदा | " " | ७।०० | |
| ९ | सुजी | " " | ७।०० | |
| १० | मकै | " " | ६।०० | |
| ११ | भटमास | " " | ९।०० | |
| १२ | मटर | " " | ९।०० | |
| १३ | चना | " " | ९।०० | |
| १४ | खानेतेल | प्रति लिटर | ०।५० | पचास पैसा |
| १५ | राईस ब्रान | प्रति के.जी | ०।५० | पचास पैसा |
| १६ | खलि पिना | " " | ०।५० | पचास पैसा |
| १७ | खण्डा खुदी | " " | ०।२५ | पच्चीस पैसा |
| १८ | चोकर | " " | ०।२५ | पच्चीस पैसा |
| १९ | अंकरा | प्रति क्विन्टल | ४।०० | |
| २० | चिनी/खाडसारी/गट्टा | " " | १२।०० | |
| २१ | गुड | " " | ८।०० | |
| २२ | चिउरा | " " | ९।०० | |
| २३ | धानको भुसा | प्रति ट्क | ७००।०० | |
| २४ | धानको भुसा | ट्रेक्टर ४ चक्के | ४५०।०० | |
| २५ | धानको भुसा | ट्रेक्टर २ चक्के | ३००।०० | |

Scanned by CamScanner